गाउँसभा अध्यक्षज्यू,

उमाकुण्ड गाउँपालिका रामेछाप जिल्लाको विकट र भौगोलिक हिसावले सवैभन्दा ठुलो गाउँपालिका हो । विकास निर्माणको दृष्टिकोणबाट हेर्ने हो भने यो गाउँपालिका जिल्लाको अन्य स्थानीय तह भन्दा निकै पछाडी परेको छ । प्रचुर सम्भावनाले भरिपुर्ण यो गाउँपालिका संघीय संरचना निर्माण भई स्थानीय तहको पहिलो निर्वाचन सम्पन्न भई पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिज्यूहरुको ५ वर्षे कार्यकाल पुरा हुँदै गर्दा विकास निर्माण र समृद्धिको क्षेत्रमा निकै अगाडी बढिसकेको छ । अधुरा योजना तथा कार्यक्रमहरुलाई पुरा गर्दै उमाकुण्ड वासी आम जनसमुदायको उन्नति प्रगति र समृद्धिको लागी निरन्तर क्रियाशिल हुनुपर्ने जिम्मेवारी हामीलाई प्राप्त भएको छ । यसरी निर्वाचन मार्फत आफ्नो मत प्रकट गरि यसरी जिम्मेवारी सुम्पनु हुने आम उमाकुण्ड वासी नागरिक प्रति आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

गाउँसभाका अध्यक्षज्यू, उमाकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस ग्रेको छु । आजको यो ऐतिहाँसिक अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त आफ्नो जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । उल्लेखित आन्दोलनका घाईते अपांग तथा बेपत्ता भएका व्यक्ति र तिनका परिवार प्रति गहिरो सम्मान व्यक्त गर्न चाहन्छु । साथै मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणिय अग्रज राजनीतिज्ञहरु प्रति समेत उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले स्थानिय सरकार संचालन ऐन-२०७४, नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन, तथा सुझाव, सभाबाट पारित भएको वार्षिक नीति तथा कार्यक्रम, उमाकुण्ड गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती, विषयगत समितिको बैठक को निर्णय, योजना तर्जुमा दिग्दर्शन, दिगो विकासका लक्ष्यहरु, गाउँकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र गाउँपालिकाका अध्यक्षज्यूको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताका आवश्यक्ता तथा प्राथमिकिकरण लाई ध्यानमा राखि आगामी आ.व.को वजेट तथा कार्यक्रम निर्माण गरेकी छु ।

सभाको अध्यक्षज्यू,

हाम्रा सामु रहेका विभिन्न कठिनाइका बावजुत पनि उमाकुण्ड गाउँपालिकाको विकास र समृद्धि हासिल गर्ने लक्ष्य तर्फ उन्मुख रहने गरी वजेट तयार गरेकी छु । यो वजेटका उद्देश्यहरु निम्न रहेका छन ।

१) सिमित श्रोतको माध्यमबाट उपलव्ध साधान अवसर र क्षमताको उच्चतम परिचालन गरि आर्थिक क्षेत्रको सुदृढिकरण गर्दै विकास निर्माणको गतिलाई निरन्तरता दिई समृद्ध उमाकुण्ड निर्माण गर्ने ।

२) कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण गर्ने, घरेलु तथा लघुउद्यमको विकास र विस्तार गर्ने, शिक्षा, स्वस्थ्य, पर्यटनको विकास र विस्तार गरी गाउँपालिकालाइ आर्थिक समृद्धितर्फ उन्मुख गराउने ।

३) उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधिन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण गर्ने ।

४) महिला , दलित, उपेक्षित, र गरिवीको रेखामुनी रहेका गाउँपालिकाको नागरिकलाई सामाजिक र आर्थिक समानता कायम गर्ने ।

यि उद्देश्यहरु हासिल गर्नका लागी आगामी आर्थिक वर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजिम निर्धारण गरेको छु।

१) विकासमा शिघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष पुरा हुने अधुरा योजनाहरु तथा गौरवको योजनाहरुको व्यवस्थित कार्यान्वयन, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य तथा खानेपानीमा नागरिकको पहुँच स्थापना, गुणस्तरिय तथा पहुँचयुक्त सेवा, उत्तरदायि तथा पारदर्शि शासन व्यवस्थाको सुदृढिकरण।

२) कृषि तथा पशुपालन व्यवसायमा आत्मनिर्भरता

३) गरीवी न्यूनिकरणका लागी गरीवी न्यूनिकरण लक्षित कार्यक्रम



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

४) जल, जमिन र पर्यटनको वैज्ञानिक व्यवस्थापन

५) स्वरोजगार उन्मुख कार्यक्रम सन्चालन

६) सुचना प्रविधि मैत्रि प्रशासनको विकास

७) संघीयसरकार, बागमती प्रदेश सरकार, र अन्तर स्थानीय सरकारसँगको सहकार्य र समन्वय

सभा अध्यक्षज्यू,

अव म उमाकुण्ड गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/२०८० को अनुमानित आय गाउँसभा समक्ष पेश गर्न चाहान्छु। आगामी आर्थिक वर्षमा उमाकुण्ड गाउँपालिकाले आन्तरिक आम्दानि तर्फ विभिन्न कर, शुल्क, दस्तुर गरि रु ५२ लाख आन्तरिक आय संकलन गर्ने लक्ष्य राखेको छु। भने बाहय आम्दानी तर्फ तपशिल अनुसारको आय अनुमान गरेको छु।

**वित्तिय समानिकरण अनुदान तर्फ**

१) संघीय सरकारबाट प्राप्त हुने समानिकरण न्युनतम अनुदान रु ३ करोड

२) संघीय सरकारबाट प्राप्त हुने समानिकरण सुत्रमा आधारित अनुदान रु ९ करोड १ लाख

३) संघीय सरकारबाट प्राप्त हुने समानिकरण कार्यसम्पादनमा आधारित अनुदान रु ४० लाख

४) प्रदेश वित्तिय समानिकरण अनुदान रु १ करोड १९ लाख ९ हजार

संघीय र प्रदेश वित्तिय समानिकरण अनुदान गरि कुल १३ करोड ६० लाख ९ हजार अनुमान गरेको छु।

**ससर्त अनुदान तर्फ**

१) संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु १७ करोड ३७ लाख ३ हजार

२) प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु १ करोड ९१ लख ५८ हजार सशर्त अनुदान तर्फ संघीय र प्रदेश सशर्त अनुदान गरि सशर्त अनुदान तर्फ कुल १९ करोड २८ लाख ६१ हजार प्राप्त हुने अनुमान गरेको छु।

**सामाजिक सुरक्षा तर्फ**

१) संघीय सरकारबाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सामाजिक सुरक्षा तर्फ रु १२ करोड प्राप्त हुने अनुमान गरेको छु।

**राजश्व बाँडफाँड तर्फ**

१) संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड रु ९ करोड ५६ लाख ६ हजार

२) संघीय सरकारबाट प्राप्त हुने विद्युत रोयल्टि रु ४६ लाख ८९ हजार ९ सय ७२

३) संघीय सरकारबाट प्राप्त हुने पर्वतारोहन शुल्क रु ४१ लाख ७४ हजार ५ सय २५

४) बागमती प्रदेश सरकारबाट प्राप्त हुने सवारी कर रु २ करोड ९४ लाख १४ हजार, राजश्व बाँडफाँड तर्फ संघीय र प्रदेश राजश्व बाँडफाड गरि रु १३ करोड ३८ लाख ८४ हजार ४ सय ९७ प्राप्त हुने अनुमान गरेको छु।

**समपुरक अनुदान तर्फ**

१) संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु २ करोड

२) प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु १ करोड गरि संघीय र प्रदेश समपुरक अनुदान तर्फ रु ३ करोड प्राप्त हुने अनुमान गरेको छु।

**विशेष अनुदान तर्फ**

१) संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु १ करोड

२) बागमती प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान रु ८० लाख,

संघीय र प्रदेश विशेष अनुदान तर्फ कुल रु १ करोड ८० लाख प्राप्त हुने अनुमान गरेको छु।

**अन्य अनुदान तर्फ**

१) प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी रु ७५ लाख ९७ हजार अनुदान प्राप्त हुने अनुमान गरेको छु भने गैरसकारी संघसंस्था तर्फ रु १ करोड ४० लाख ७९ हजार ४ सय ७७ प्राप्त हुने अनुमान गरेको छु। अन्य अनुदान तर्फ कुल २ करोड १६ लाख ७६ हजार ४ सय ७७ प्राप्त हुने अनुमान गरेको छु।

**मौज्दात तर्फ**

१) गाउँपालिका मौज्दात तर्फ रु ३ करोड ४८ लाख १२ हजार ५ सय ३ रहने अनुमान गरेको छु ।
सभा अध्यक्षज्यू,
यसरी आर्थिक वर्ष २०७९/८० को लागी आन्तरिक तर्फ रु ५२ लाख, बाह्य आम्दानि तर्फ रु ६३ करोड ८३ लाख ५१ हजार ४ सय ९७, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु ७५ लाख ९७ हजार, गैरसरकारी संघ संस्था तर्फ १ करोड ४० लाख ७९ हजार ४ सय ७७ र गाउँपालिका मौज्दात तर्फ रु ३ करोड ४८ लाख १२ हजार ५ सय ३ गरि कुल रु ६९ करोड २४ लाख ४४ हजार ४ सय ७७ प्राप्त हुने अनुमान गरेको छु ।
सभा अध्यक्षज्यू
अव म आगामी आर्थिक वर्ष २०७९/२०८० को व्यय तर्फको अनुमान प्रस्तुत गरिमामय गाउँसभा समक्ष पेश गर्न चाहन्छु ।
आगामी आर्थिक वर्ष २०७९/२०८० को आम्दानी तर्फ अनुमान गरिएको कुल रकम रु ६९ करोड ४४ लाख ४४ हजार ४ सय ७७ मध्यबाट तपशिल अनुसारको व्यय अनुमान गरेको छु ।
१) जेष्ठ नागरिक, एकल, दलित बालबालिका, अपांग लागएत सामाजिक सुरक्षा भत्ताको लागी रु १२ करोड विनियोजन गरेको छु ।
२) संघीय समपुरक तर्फ मध्यमार्गी सडक उमाकुण्ड १-७ र प्रदेश समपुरक अनुदात तर्फ सुर्माखोला खानेपानी योजना र सबै सामुदायिक विद्यालयहरुमा आई.सि.टि. व्यवस्थापनको लागी ५०/५० लाख गरि रु १ करोड हस्तान्तरण भई आएकोमा सोही अनुसार खर्च हुने गरि संघीय तथा प्रदेश समपुरक अनुदान तर्फ रु ३ करोड विनियोजन गरेको छु ।
३) संघीय विशेष अनुदान तर्फ अल्पसंख्यक सुनुवार समुदायको संस्कृति संरक्षण कार्यक्रम र आलु रष्टिक स्टोर भवन निर्माणको लागी ५०/५० लाख र प्रदेश विशेष अनुदान तर्फ लाप्सिंगे खानेपानी योजना र दलित समुदायको भवन निर्माणको लागी ४०/४० लाख हस्तान्तरण भई आएकोमा सोही अनुसार खर्च हुने गरि विशेष अनुदान तर्फ रु १ करोड ८० लाख विनियोजन गरेको छु ।
४) उमाकुण्ड गाउँपालिकाको सबै विद्यालयहरुमा कार्यरत शिक्षक, सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मि विभिन्न शाखा तथा इकाईका कर्मचारीको तलव भत्ता, विषयगत शाखा इकाईको सञ्चालन खर्च र विभिन्न योजना तथा कार्यक्रमको लागी संघीय तथा प्रदेश सरकारबाट सशर्त अनुदान अर्न्तगत हस्तान्तरण भई आएको कुल १९ करोड २८ लाख ६१ हजार सोही शिर्षकमा खर्च गर्ने गरि व्यवस्था मिलाएको छु ।
५) श्री ग्रिनतारा नेपालबाट गाउँपालिकासँगको समन्वय र सहकार्यमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा भौतिक पुर्वाधार निर्माण र चेतनामुलक कार्यक्रममा खर्च गर्ने गरि गाउँपालिकामा रु १ करोड ४० लाख ७९ हजार ४ सय ७७ को कार्यक्रम पेश भएकोमा सोही अनुसार खर्च हुने व्यवस्था मिलाएको छु ।
६) प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संघीय सरकारबाट उमाकुण्ड गाउँपालिकालाई हस्तान्तरण भएको ७५ लाख ९७ हजारबाट गाउँपालिकाको पुर्वाधार लगाएतको क्षेत्रको विकास र विस्तारमा टेवा पुग्ने र रोजगारी सृजना हुने योजनाहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत हस्तान्तरण भएको बजेटको शिर्षगत विनियोजन अनुसूची-१ मा समावेश गरेको छु।
७) उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालयहरु लगाएतको कार्यालयमा कार्यरत स्थाई तथा करार कर्मचारीको संघीय सरकार ले बजेट बक्तव्यमा उल्लेख गरे बमोजिमको सेवा, सुविधा उपलब्ध गर्ने गरि तलव भत्ताको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु, स्थानीय जनप्रतिनिधिहरुको सेवा सुविधा सम्वन्धि ऐनमा भएको व्यवस्था अनुसार जनप्रतिनिधिको सेवा सुविधा र भत्ता उपलब्ध गराउन, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको थप तलव लगाएत कार्यालय सञ्चालन सम्वन्धि अन्य विविध खर्चको लागी चालु खर्च तर्फ रु ९ करोड ५६ लाख ६ हजार विनियोजन गरेको छु। चालु खर्च तर्फको थप विनियोजन अनुसूची-२ मा समावेश गरेको छु ।
सभा अध्यक्षज्यू,
अव म पुँजीगत खर्च अर्न्तगत विषयगत क्षेत्र तर्फको व्यय अनुमान गाउँसभामा पेश गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

उमाकुण्ड गाउँपालिका बासीको मुख्य पेशा र गाउँपालिकाको समृद्धिको रुपमा रहेको कृषि तथा पशुपंक्षी पालन व्यवसायको व्यवसायीकरण, बैज्ञानिकरण, विविधिकरण विना उमाकुण्ड गाउँपालिकाको अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई बोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धिको दिगो आधार तयार गर्ने नीति लाई सफल पार्न धान गहुँ मकै पकेट विकास कार्यक्रम, उन्नत जातको दुधालु, गाईभैसी वितरण कार्यक्रम, कृषि तथा पशु यन्त्र वितरण कार्यक्रम, आलु तथा अलैची खेती प्रवर्दन कार्यक्रम, विउ विजन वितरण कार्यक्रम, किवि, ओखर, स्याउ खेती विकास तथा विस्तार कार्यक्रम लगाएतको कार्यक्रमको लागी आवश्यक रकम विनियोजन गरेको छ । त्यस्तै उन्नत जातको बाखाको पाठापाठी वितरण कार्यक्रम, उन्नत जातको बंगुरको पाठापाठी वितरण कार्यक्रम, कुखुरा पालन व्यवसाय प्रवर्दन कार्यक्रम, कृषि संकलन केन्द निर्माण, च्याउ खेती प्रोत्साहन कार्यक्रम लगाएतको कार्यक्रम सञ्चालनको लागी बजेटको व्यवस्था गरेको छ ।

कृषकहरुले पशुपालन व्यवसायबाट व्यहोरी रहेको क्षतिको क्षतिपुर्तिको लागी पशु वीमा कार्यक्रम सञ्चालन गर्न, कृतिम गर्भधारण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन, तरकारी तथा फलफुल खेती सम्बन्धि तलिम सञ्चालन गर्न, गाउँपालिकाको स्वामित्वमा रहने गरि बहुउद्धेश्यीय नर्सरी स्थापना र दूग्ध डेरी तथा दूग्ध संकलन केन्द्र सञ्चालनको लागी अनुदान दिने व्यवस्था मिलाएको छ ।

माटो परिक्षण कार्यक्रम सञ्चालन गरि माटो सुधारको प्रयास गर्न, गोठेमल सुधारको लागी भकारो सुधार कार्यक्रम सञ्चालन गर्न, बेमौसमी तरकारी खेती प्रवर्दन कार्यक्रम सञ्चालनमा अनुदानको व्यवस्था मिलाएको छ । साथै कृषकहरुको चेतनास्तरको अभिवृद्धिको लागी विभिन्न तालिमहरु सञ्चालन गर्न र महामारी तथा बाली र वस्तुमा लाग्ने रोग न्यूनिकरणको लागी औषधि वितरण कार्यक्रमको लागी समेत बजेटको व्यवस्था मिलाएको छ । यसरी कृषि तथा पशुपालनलाई मुख्य प्राथमिकतामा राखि रु २ करोड ९८ लाख बजेट विनियोजन गरेको छ ।

सभा अध्यक्षज्यू

उद्योग तर्फको सशर्त अनुदानको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको लागी रु १० लाख बजेट विनियोजन गरेको छ भने गाउँपालिकामा पर्यटन प्रवर्दनको लागी मेला महोत्सव गर्नको लागी समेत बजेटको व्यवस्था मिलाएको छ । आर्थिक विकास क्षेत्र अर्न्तगतको थप विनियोजन अनुसूचि-३ मा समावेश गरेको छ ।

## सामाजिक विकास क्षेत्र

शिक्षाको गुणस्तर अभिवृद्धि गरि गाउँपालिकाबाट आफ्नो छोराछोरी पढाउन शहर केन्द्रित बसाईसराई गर्ने प्रवृत्ति बढिरहेकोमा गाउँपालिकामा सञ्चालित विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने र समग्र शैक्षिक क्षेत्रको समुचित विकासको लागी रु २ करोड ४३ लाख विनियोजन गरेको छ ।

आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउने, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिदै आएको सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउने, दिर्घरोग लागी उपचार गरिरहेको विपन्न नागरिकलाई औषधिको व्यवस्था मिलाउने आमा समूह तथा महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन गर्ने लगाएत स्वास्थ्य क्षेत्रको समग्र विकासको लागी रु ७४ लाख बजेटको व्यवस्था मिलाएको छ ।

खानेपानी समस्या भोलिरहेको उमाकुण्ड वासी नागरिकहरुलाई खानेपानीको सहज सेवा पुर्याउन र उपभोक्ताहरुसँगको साभेदारीमा १ घर १ धारा कार्यक्रम सञ्चालन गर्नको लागी खानेपानी तर्फ रु १ करोड विनियोजन गरेको छ ।

महिला, बालबालिका, जनजाति, दलित मुखि कार्यक्रम सञ्चालन गरि उनीहरुको आय आर्जन वृद्धि गर्न, उनीहरुको परम्परागत सीपको संरक्षण र प्रवर्दन गर्न र जेष्ठ नागरिकको अनुभव र अनुभुतिहरु आदान प्रदान एवम सम्मान लगाएतको क्रियाकलाप सञ्चालन गर्नको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

खेलकुद क्षेत्रको समग्र विकासको लागी गाउँपालिका स्तरिय खेलकुद विकास समिति गठनको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छ । गाउँपालिका स्तरिय उमाकुण्ड लीग, तथा वडा स्तरिय खेल प्रतियोगिता राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र अन्य खेल प्रतियोगिता सञ्चालन गर्नको लागी समेत आवश्यक बजेट विनियोजन गरेको छ।

सभा अध्यक्षज्यू

सामाजिक विकास क्षेत्र अन्तर्गतको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित समूह र युवा तथा खेलकुद क्षेत्रको थप विनियोजन अनुसूचि-४ मा समावेश गरेको छु ।

## पुर्वाधार विकास क्षेत्र

उमाकुण्ड गाउँपालिका पुर्वाधार विकासको क्षेत्रमा निकै पछाडि परेको गाउँपालिका हो । २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भई जन निर्वाचित प्रतिनिधिहरुले स्थानीय तहको नेतृत्व गर्न थाले पछि उमाकुण्ड गाउँपालिकाको पुर्वाधार विकासको क्षेत्रमा सकारात्मक परिवर्तन भई रहेको छ । विशाल भुगोल भएको कारण गाउँपालिकामा पुर्वाधार विकासको काम चुनौतिपुर्ण भएतापनि चुनौतिको सामना गर्दै सिमित श्रोत र साधनको समुचित प्रयोगबाट उमाकुण्ड गाउँपालिकाको पुर्वाधार निर्माणमा सफलता हाँसिल गर्न सकिन्छ । गाउँपालिकाको केन्द्र सम्म सडक कालोपत्रे गर्ने संघीय सरकारको लक्ष्य अनुसार उमाकुण्ड गाउँपालिकाको केन्द्र सम्म सडक कालोपत्रे गर्ने जिम्मा लिएको बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष देखि सो सडकलाई प्राथमिकतामा राखेको छैन । यस सम्वन्धमा बागमती प्रदेश सरकारको गम्भिर ध्यानाकर्षन गर्दै नेपाल सरकारको लक्ष्य अनुसार गाउँपालिकाको केन्द्र सम्म सडक कालोपत्रे गर्ने कामलाई प्राथमिकतामा राखिदिनुहुन अनुरोध गर्न चाहन्छु ।

उमाकुण्ड गाउँपालिकाको सात वटै वडाबाट गाउँपालिकाको केन्द्र सम्म जोड्ने मध्यमार्गी सडकलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण भएको समपुरक अनुदानको योजना, ताँमे पर्यटन कार्यक्रम, गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कामलाई उच्च प्राथमिकतामा राखि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

उमाकुण्ड गाउँपालिकामा निर्माण भईरहेको झोलुङ्गेपुलको लागी गाउँपालिकाले साझेदारी गर्नुपर्ने रकमको व्यवस्था मिलाएको छु । भने गाउँपालिकाको सवै वडाहरुमा सिंचाईको व्यवस्था गर्न, पुराना संरचना मर्मत संभार गर्न र नयाँ सिंचाइका योजनाहरुको शुरुवात गर्न रु ४२ लाख बजेट विनियोजन गरेको छु ।

सभा अध्यक्षज्यू

समग्रमा पुर्वाधार विकास क्षेत्रको विकास र विस्तारको लागी रु ६ करोड ८५ लाख बजेट विनियोजन गरेको छु। पुर्वाधार विकास क्षेत्रतर्फको थप विनियोजन अनुसूची-५ मा समावेश गरेको छु ।

## वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

विकास निर्माणको कारण पछिल्लो समय वन विनास भईरहेको छ । वन विनाशको न्यूनिकरण गर्नु हाम्रो कर्तव्य हो । वातावरण सफा, स्वच्छ र हरियाली राख्नको लागी बृक्षारोपन अनिवार्य सर्त हो तसर्थ आगामी आर्थिक वर्षमा नर्सरी स्थापना गर्ने, वृक्षा रोपन गर्ने कार्यको लागी बजेटको व्यवस्था मिलाएको छु ।

साथै विपदजन्य घटनाको न्यूनिकरण गर्दै विपदमा परेकालाई उद्धार तथा राहत उपलब्ध गराउन बजेटमा आवश्यक व्यवस्था मिलाएको छु । वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु ५० लाख बजेट विनियोजन गरेको छु । यस सम्वन्धि थप विनियोजन अनुसूचि-६ मा समावेश गरेको छु ।

## सुशासन तथा संस्थागत विकास क्षेत्र

जनताको वरिपरि सेवा भन्ने नारालाई आत्मसात गर्दै गाउँपालिका, वडा, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई लगाएतको कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

जनतालाई सहज न्याय प्रदान गर्नको लागी न्यायीक समिति, मेलमिलापकर्ता र सम्वन्धित पक्षको क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्नको लागी बजेटको व्यवस्था मिलाएको छु । साथै गाउँपालिकामा प्रभावकारी इन्टरनेटको व्यवस्था गर्न सवै कार्यालयहरु प्रविधिमैत्री बनाउन, सवै प्रकारका कार्यहरु अनलाइन प्रणाली मार्फत गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

गाउँपालिकाको पहिचान झल्कने गरि व्यवस्थित सीमाना बोर्ड सूचना बोर्ड, नागरिक वडा पत्र निर्माण तथा मर्मत संभारको लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

सभा अध्यक्षज्यू

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ रु ८८ लाख बजेट विनियोजन गरेको छु। सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फको थप विनियोजन अनुसूचि-७ मा समावेश गरेको छु।

**वडागत अनुदान तर्फ**

उमाकुण्ड गाउँपालिकामा ७ ओटा वडाहरु रहेका छन्। सबै वडाहरुको समुचित विकासको लागी वडाबाटै योजना तथा कार्यक्रम निर्माण गर्ने गरि योजना तर्जुमा दिग्दर्शन २०७८ ले तय गरेको आधार र भारको आधारमा उमाकुण्ड गाउँपालिका वडा नं १ गुम्देलको लागी ६६ लाख, वडा नं २ बाम्तिभण्डारको लागी ७२ लाख, वडा नं ३ कुवुकाँस्थलीको लागी ६६ लाख वडा नं ४ प्रितिको लागी ८२ लाख, वडा नं ५ प्रितिको लागी ६७ लाख वडा नं ६ गुप्तेश्वरको लागी ५७ लाख र वडा नं ७ भुजीको लागी रु ७० लाख गरि जम्मा रु ४ करोड ८० लाख विनियोजन गरेको छु।वडागत अनुदानको थप विनियोजन अनुसूचि-८ मा समावेश गरेको छु।

सभाध्यक्षज्यू

यस वजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानव विकासका सुचांकहरु (शिक्षा, स्वास्थ्य, भौतिक पुर्वाधार, कृषि, सरसफाई खानेपानी) मा उल्लेखनीय प्रगति हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका नीति र दिगो विकासका लक्ष्य, विभिन्न रणनीतिक लक्ष्य तथा पन्ध्रौ पन्चवर्षिय योजनाको लक्ष्य प्राप्तिमा महत्वपूर्ण भुमिका निर्वाह हुने अपेक्षा गरेको छु। प्रस्तुत वजेट वनाउन मार्ग दर्शन गर्नुहुने यस गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकांका सदस्यज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति विषयगत शाखा र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाव तथा सहयोग गर्ने राजनितिक दल ,नीजि क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज पत्रकार ,पेशाकर्मी तथा सामुदायिक संस्था, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सामाजिक संगठनहरु पत्रकार र देशविदेशमा रहनुहुने सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वजेट तथा कार्यक्रमको कार्यान्वयनमा सबैको खुल्ला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद

सावित्री सुनुवार
गाउँपालिका उपाध्यक्ष

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

# अनुसूची -१

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको थप विनियोजन

*प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको योजना तथा कार्यक्रम (कुल विनियोजित रकम रु ७५९७०००)*

*वडा नं १ गुम्देल रु ६०७०००*

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | धुपी छ्याम्दीङ गोरेटो बाटो मर्मत | १००००० | |
| २ | फिर्केम धुपी सडक सोलिङ | २००००० | |
| ३ | जेल्सिटार राचिम सडक स्तरोउन्नती | २०७००० | |
| ४ | फिर्केम खालेडाडाँ सेड्ुप छोलिङ गुम्बा गोरेटो बाटो मर्मत | १००००० | |

*वडा नं २ बाम्ति रु १७५२०००*

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ठाडोखाला थाप्रा पाँगा गोरेटो बाटो निर्माण | २००००० | |
| २ | गर्चा सेर्दु गाउँ सडक सोलिङ | २००००० | |
| ३ | दोखर्पा छिकर्पु गुम्वा सिम झरिनि सगरमाथा पदमार्ग निर्माण | २००००० | |
| ४ | पिडाल्ने गाउँ गोरेटो बाटो मर्मत | २००००० | |
| ५ | ठाडोखाला गोरुन्डा गोरेटो बाटो निर्माण | २००००० | |
| ६ | छिपछिपे देउराली गाउँ सडक सोलिङ | १००००० | |
| ७ | लुमु तिनकुने पर्दिम उकालो पर्दिम उकालो सोलिङ | २००००० | |
| ८ | खानेपानी लाईन खन्ने पुर्ने | ४५२००० | |

*वडा नं ३ कुवु काँस्थली रु ४६५५००*

| क.सं. | योजनाको नाम | बिनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सडक तथा गोरेटो बाटो निर्माण | ४६५५०० | |

*वडा नं ४ प्रिति रु १२१५०००*

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पाला सल्ले डाँडा गाउँ च्यादलु गारेटो बाटो मर्मत संभार सुधार | २५०००० | |
| २ | पाखन्थली अफिसडाँडा च्यादलु गोरेटो बाटो मर्मत संभार सुधार | १५०००० | |
| ३ | सिंगटी तनि हुँगा सडक स्तरोन्नति | ४६६००० | |



उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४ | थामडाँडा सिडि निर्माण | २५०००० | |
| ५ | चुलेपु बुर्सुवा पोखरीडाँडा गोरेटो बाटो स्तरोन्नति | १००००० | |

***वडा नं ५ प्रिति रु १६५९०००***

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी व्यवस्थापन | ७५९००० | |
| २ | टावरडाँडा फुर्मादिम सडक सोलिङ | ९००००० | |

***वडा नं ६ गुप्तेश्वर रु ६२३०००***

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | कालोचौतारा सतार डाङडुङे सडक सोलिङ | ३२३००० | |
| २ | रोटे लापसिंगे महभिर सडक | ३००००० | |

***वडा नं ७ भुजी रु १२७६००***

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | विमिरे डिलखर्क सडक सोलिङ | १२७६००० | |

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

# अनुसूची-२

## चालु खर्च तर्फको थप विनियोजन(विनियोजित रकम रु ९५६०६०००

| खर्च शिर्षक नं. | खर्च शिर्ष | आ.व. २०७९/८०को अनुमानित बजेट | | आ.व. २०८०/८१को प्रस्तावित बजेट | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | राजश्व वाडफाड | जम्मा | राजश्व वाडफाड | जम्मा | |
| २११११ | पारिश्रमिक कर्मचारी | १३,०००,०००।०० | १३,०००,०००।०० | १४,३००,०००।०० | १४,३००,०००।०० | स्थायी कर्मचारी तलव |
| २११२१ | पोशाक | ६००,०००।०० | ६००,०००।०० | ६६०,०००।०० | ६६०,०००।०० | कर्मचारी पोशाक भत्ता |
| २११२३ | औषधी उपचार | २००,०००।०० | २००,०००।०० | २२०,०००।०० | २२०,०००।०० | कर्मचारी तथा जनप्रतिनिधि उपचार खर्च |
| २११३१ | स्थानीय भत्ता | ५००,०००।०० | ५००,०००।०० | ५५०,०००।०० | ५५०,०००।०० | स्थायी कर्मचारी दुर्गम भत्ता |
| २११३२ | महंगी भत्ता | १,०००,०००।०० | १,०००,०००।०० | १,१००,०००।०० | १,१००,०००।०० | स्थायी कर्मचारी महंगी भत्ता |
| २११३४ | कर्मचारी बैठक भत्ता | ५००,०००।०० | ५००,०००।०० | ५५०,०००।०० | ५५०,०००।०० | कर्मचारी बैठक भत्ता |
| २११३९ | अन्य भत्ता | ३००,०००।०० | ३००,०००।०० | ३३०,०००।०० | ३३०,०००।०० | पालोपहरा भत्ता, सुत्केरी भत्ता लगायत |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २,०००,०००।०० | २,०००,०००।०० | २,२००,०००।०० | २,२००,०००।०० | वडा सहितको बैठक, कार्यपालिका बैठक र सभा बैठक भत्ता |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ६,५००,०००।०० | ६,५००,०००।०० | ७,१५०,०००।०० | ७,१५०,०००।०० | जनप्रतिनिधिहरुको मासिक सुविधा, सञ्चार सहित |
| २१२१४ | कर्मचारी कल्याण कोष | ३००,०००।०० | ३००,०००।०० | ३३०,०००।०० | ३३०,०००।०० | कर्मचारीहरुको लागि |
| २२१११ | पानी तथा विजुली | ४००,०००।०० | ४००,०००।०० | ४४०,०००।०० | ४४०,०००।०० | कार्यालयको पानी तथा विजुली |
| २२११२ | संचार महसुल | २,०००,०००।०० | २,०००,०००।०० | २,२००,०००।०० | २,२००,०००।०० | कार्यालयको इन्टरनेट लगायत सञ्चार सहसुल |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | २,५००,०००।०० | २,५००,०००।०० | २,७५०,०००।०० | २,७५०,०००।०० | डोजर, टिप्पर, मो.सा. इन्धन |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २,२००,०००।०० | २,२००,०००।०० | २,४२०,०००।०० | २,४२०,०००।०० | डोजर, टिप्पर, मो.सा. मर्मत |
| २२२१४ | विमा तथा नविकरण खर्च | ८००,०००।०० | ८००,०००।०० | ८८०,०००।०० | ८८०,०००।०० | डोजर,टिप्पर, मो.सा. |
| २२२२१ | मेनिनरी तथा औजार मर्मत सम्भार खर्च | १,८००,०००।०० | १,८००,०००।०० | १,९८०,०००।०० | १,९८०,०००।०० | मर्मत सम्भार कोष |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १४,०००,०००।०० | १४,०००,०००।०० | १५,४००,०००।०० | १५,४००,०००।०० | वडा सञ्चालन खर्च र कार्यालय सञ्चालन खर्च |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १,५००,०००।०० | १,५००,०००।०० | १,६५०,०००।०० | १,६५०,०००।०० | परिषद किताव, वुलेटिन प्रकाशन अन्य |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५००,०००।०० | ५००,०००।०० | ५५०,०००।०० | ५५०,०००।०० | ग्यास, व्याक्ट्री खर्च लगायत |
| २२३१५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | १,९५६,०००।०० | १,९५६,०००।०० | २,१५१,६००।०० | २,१५१,६००।०० | सुचना साप्ताहिक, दैनिक, पत्रपत्रिका र रेडियो प्रशारण |
| २२४११ | सेवा र परामर्श खर्च | ८,०००,०००।०० | ८,०००,०००।०० | ८,८००,०००।०० | ८,८००,०००।०० | विभिन्न परामर्शको लागि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२४१२ | सुचना प्रणली तथा सफ्टवेयर सञ्चालन खर्च | ५००,०००।०० | ५००,०००।०० | ५५०,०००।०० | ५५०,०००।०० | सफ्टवयर जिन्सी, सुत्र राजश्व, लगायत सम्पुर्ण सफ्टवयर सञ्चालनको लागि |
| २२४१३ | करार शेवा शुल्क | १४,०००,०००।०० | १४,०००,०००।०० | १५,४००,०००।०० | १५,४००,०००।०० | करारका अनमी, प्राविधिक, अमिन, कम्प्यूटर अपरेटर, कार्यालय सहयोगी, ड्राइभर लगायतको तलव भत्ता |
| २२४१४ | थप सेवा सुविधा | १०,०००,०००।०० | १०,०००,०००।०० | ११,०००,०००।०० | ११,०००,०००।०० | विद्यालयमा कार्यरत बालविकास सहजकर्ता विद्यालय कर्मचारी को थप तलव र विद्यालय नर्सको त.भ. |
| २२४१५ | सरसफाइ सेवा शुल्क | २००,०००।०० | २००,०००।०० | २२०,०००।०० | २२०,०००।०० | विभिन्न कार्यालय सरसफाइ |
| २२५२२ | कार्यक्रम खर्च | १,५००,०००।०० | १,५००,०००।०० | १,६५०,०००।०० | १,६५०,०००।०० | विभिन्न सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, रेडीयो,पत्रपत्रिका खर्च |
| २२५२९ | सूचना प्रविधि तथा सुशासन कार्यक्रम खर्च | ७००,०००।०० | ७००,०००।०० | ७७०,०००।०० | ७७०,०००।०० | जनपतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | ४,०००,०००।०० | ४,०००,०००।०० | ४,४००,०००।०० | ४,४००,०००।०० | कर्मचारी र जनप्रतिनिधिको अनुगमन तथा भ्रमण खर्च |
| २२६१२ | भ्रमण खर्च | २५०,०००।०० | २५०,०००।०० | २७५,०००।०० | २७५,०००।०० | कर्मचारीको सरुवा खर्च |
| २२७११ | विविध खर्च | १,५००,०००।०० | १,५००,०००।०० | १,६५०,०००।०० | १,६५०,०००।०० | विभिन्न कार्यपालिका बैठक, कार्यालयको नियमित चियापान तथा अतिथि सत्कारको लागि खर्च |
| २२७२१ | सभा सञ्चालन खर्च | ८००,०००।०० | ८००,०००।०० | ८८०,०००।०० | ८८०,०००।०० | विभिन्न मितिमा गरिने सभाको लागि |
| २८१४२ | घरभाडा | ३००,०००।०० | ३००,०००।०० | ३३०,०००।०० | ३३०,०००।०० | कार्यलय र गोदाम भाडा |
| २८१४३ | सवारी भाडा | १,३००,०००।०० | १,३००,०००।०० | १,४३०,०००।०० | १,४३०,०००।०० | सवारी भाडामा लिन |
| | चालु खर्च | ९५,६०६,०००।०० | ९५,६०६,०००।०० | १०५,१६६,६००।०० | १०५,१६६,६००।०० | |

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

## अनुसूची -३

## आर्थिक विकास क्षेत्र तर्फको थप विनियोजन

**आर्थिक विकास क्षेत्र तर्फ  रु ३२३०००००**

कृषि तथा पशुपंक्षी रु २९८०००००

| क.सं. | योजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | धान गहुँ मकै पकेट विकास कार्यक्रम | ३०००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| २ | उन्नत जातको दुधालु गाईभैसी वितरण कार्यक्रम | २०००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| ३ | कृषि तथा पशु यन्त्र वितरण कार्यक्रम | २५००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| ४ | आलु तथा अलैची खेती  प्रवर्दन कार्यक्रम | ३०००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| ५ | विउ विजन वितरण कार्यक्रम | १०००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| ६ | किवि ओखर स्याउ खेती विकास तथा विस्तार कार्यक्रम( विरुवा वितरण समेत) | ३०००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| ७ | उन्नत जातको वाखाको पाठापाठी वितरण कार्यक्रम | १२००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| ८ | उन्नत जातको बंगुरको पाठापाठी वितरण कार्यक्रम | ८००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| ९ | कुखुरा पालन व्यवसाय प्रवर्दन कार्यक्रम | ९००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| १० | कृषि संकलन केन्द निर्माण | २०००००० | कृषि शाखा |
| ११ | च्याउ खेती प्रोत्साहन कार्यक्रम | ३००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |
| १२ | पशु वीमा कार्यक्रम | १०००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| १३ | कृतिम गर्भधारण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १०००००० | पशु शाखा |
| १४ | तरकारी तथा फलफुल खेती सम्वन्धि तलिम सञ्चालन | ८००००० | कृषी शाखा |
| १५ | गाउँपालिकाको स्वामित्वमा रहने गरि बहुउद्धेश्यीय नर्सरी स्थापना | १५००००० | कृषी शाखा |
| १६ | दूग्ध डेरी तथा दूग्ध संकलन केन्द्र सञ्चालन अनुदान | १०००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| १७ | माटो परिक्षण कार्यक्रम | १०००००० | कृषी शाखा |
| १८ | भकारो सुधार कार्यक्रम सञ्चालन | १०००००० | साझेदारी कार्यक्रम(पशु शाखा) |
| १९ | पशु तथा किटनासक औषधि खरिद तथा वितरण | २०००००० | पशु शाखा |
| २० | पशुपालन सम्वन्धि तालिम | ५००००० | पशु शाखा |
| २१ | बेमौसमी तरकारी खेती प्रवर्दन कार्यक्रम | ३००००० | साझेदारी कार्यक्रम(कृषि शाखा) |

**उद्योग रु १००००००**

| क.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | साना तथा घरेलु उद्योग प्रवर्दन कार्यक्रम | १०००००० | साझेदारी अनुदान समेत |

पर्यटकीय मेला महोत्सव रु १५०००००

| क.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पर्यटकिय मेला महोत्सव खर्च | १५००००० | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

## अनुसूची -४

## सामाजिक विकास क्षेत्र तर्फको थप विनियोजन

**सामाजिक विकास क्षेत्र तर्फ रु ५१७००००००**

शिक्षा: रु २४३०००००

| क्र.स. | योजना कार्यक्रमको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा | २४३००००० | शैक्षिक गुणस्तर कायम गर्न गाउँपालिकले विद्यालयको आवश्यकताको आधारमा सबै वडा कार्यालय, विद्यालयसँग समन्वय गरी विनियोजन गर्ने । |

**स्वास्थ्य: रु ७४०००००**

| क्र.स. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य | ७४००००० | शाखाले वडा कार्यालय, स्वास्थ्य चौकीसँग समन्वय गरी बजेट विनियोजन गर्ने । |

**लक्षित समूह: रु ५००००००**

| क्र.स. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | अपांग तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं १ | १५०००० | |
| २ | गुम्देल बौद्ध मुर्ति व्यवस्थापन वडा नं १ | १५०००० | |
| ३ | आमा समूह सशक्तिकरण तथा सुत्केरी स्याहार कार्यक्रम वडा नं १ | १००००० | |
| ४ | बालबालिका प्रतिभा पहिचान कार्यक्रम वडा नं १ | १००००० | |
| ५ | दलित लक्षित कार्यक्रम वडा नं १ | १००००० | |
| ६ | एकानागी महिला शसक्तिकरण उद्घोषण तालिम कार्यक्रम वडा नं २ | २००००० | |
| ७ | पिडाल्ने शिव मन्दिर निर्माण वडा नं २ | २००००० | |
| ८ | जेष्ठ नागरिक अपांग सम्मान कार्यक्रम वडा नं २ | २००००० | |
| ९ | पन्चेबाजा खरिद वडा नं ३ | २५०००० | |
| १० | महिला लक्षित कार्यक्रम तिज नारी दिवस तालिम क्षमता विकास कार्यक्रम वडा नं ३, शेर्पा सुनुवारको संस्कृति झल्कने कार्यक्रम समेत | २००००० | |
| ११ | जागृति आमा समूह सामुदायिक भवन निर्माण वडा नं ३ | १५०००० | |
| १२ | महिला लक्षित कार्यक्रम वडा नं ४ | १५०००० | |
| १३ | अपांग जेष्ठ नागरिक बालबालिका, दलित विशेष कार्यक्रम वडा नं ४ | ४५०००० | |
| १४ | सुत्केरी महिला खाना खाजा वडा नं ५ | ५०००० | |
| १५ | दलित कार्यक्रम वडा नं ५ | १००००० | |
| १६ | बालबालिका क्षमता विकास कार्यक्रम वडा नं ५ | १००००० | |
| १७ | महिला जेष्ठ अपाँग सम्मान कार्यक्रम वडा नं ५ | ३५०००० | |
| १८ | अपाँग जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ६ | ३००००० | |
| १९ | बालबालिका क्षमता विकास कार्यक्रम वडा नं ६ | १००००० | |
| २० | दलित समुदायको लागी आयआर्जन कार्यक्रम वडा नं ६ | १५०००० | |
| २१ | बर्थिङ सेन्टरमा सुत्केरी हुने महिला र कुरुवाको खाना खाजा व्यवस्थापन वडा नं ६ | ५०००० | |
| २२ | महिला लक्षित कार्यक्रम वडा नं ७ | १२०००० | |
| २३ | बालबालिका लक्षित कार्यक्रम वडा नं ७ | १२०००० | |
| २४ | दलित लक्षित कार्यक्रम वडा नं ७ | १२०००० | |
| २५ | जनजाती लक्षित कार्यक्रम वडा नं ७ | १२०००० | |
| २६ | जेष्ठ नागरिक अपांग सम्मान कार्यक्रम वडा नं ७ | १२०००० | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २७ | लक्षित समूह उमाकुण्ड गाउँपालिका | ८००००० | |

**खानेपानी तथा सरसफाई: रु १००००००००**

| क.स. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | च्यादलु खानेपानी तथा सरसफाई | ३०००००० | |
| २ | टेकम खानेपानी ट्यांकी निर्माण वडा नं १ | २००००० | |
| ३ | गुम्देल बजार शौचालय निर्माण वडा नं १ | ६००००० | |
| ४ | चेदिङ गुम्वा स्वास्थ्य इकाई छ्यामदिङ ट्यांकी निर्माण वडा नं १ | २००००० | |
| ५ | खानेपानी तथा सरसफाई | १०००००० | वडा नं २ बाम्ती |
| ६ | खानेपानी पाईप खरिद | १०००००० | वडा नं ३ कुभुकास्थली |
| ७ | खानेपानी तथा सरसफाई सामान खरिद | १०००००० | वडा नं ४ प्रिती |
| ८ | खानेपानी व्यवस्थापन वडा नं ५ | ५००००० | |
| ९ | गौडा खानेपानी ट्यांकी निर्माण वडा नं ५ | २००००० | |
| १० | फोहोर मैला व्यवस्थापन डम्पिङ साईट निर्माण वडा नं ५ | ३००००० | |
| ११ | कालोचौतारा सार्वजानिक शौचालय निर्माण वडा नं ६ | ३००००० | |
| १२ | सतार महभिर चौमाने डाँडा खानेपानी योजना वडा नं ६ | ३००००० | |
| १३ | सिम्पानी सोलावन चम्लाह खानेपानी मर्मत वडा नं ६ | २००००० | |
| १४ | माथिल्लो डाङडुङे खानेपानी मर्मत वडा नं ६ | २००००० | |
| १५ | खानेपानी तथा सरसफाई(पाईप सिमेन्ट बालुवा खरिद र दक्ष मिस्त्रि ज्याला) | १०००००० | वडा नं ७ भुजी |

**युवा तथा खेलकुद: रु रु ५००००००**

| क.स. | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड | २५००००० | माध्यमिक विद्यालय स्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने |
| २ | उमाकुण्ड लिग प्रतियोगिता ( भलिवल फुटवल) | १०००००० | वडा नं ७ मा संचालन गर्ने |
| ३ | खेलकुद विकास समिति | ३००००० | गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने |
| ४ | खेलकुद कार्यक्रम | २००००० | वडा नं १ गुम्देल |
| ५ | खेलकुद कार्यक्रम | २००००० | वडा नं २ बाम्ती |
| ६ | खेलकुद कार्यक्रम | २००००० | वडा नं ३ कुभुकाँस्थली |
| ७ | खेलकुद कार्यक्रम | २००००० | वडा नं ४ प्रिती |
| ८ | खेलकुद कार्यक्रम | २००००० | वडा नं ५ प्रिती |
| ९ | खेलकुद कार्यक्रम | २००००० | वडा नं ६ गुप्तेश्वर |

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

# अनुसूची -५

## पुर्वाधार विकास क्षेत्र तर्फको थप विनियोजन

**पुर्वाधार विकास क्षेत्र तर्फ रु ६८५00000**

समपुरक तथा अन्य विविध रु ६२३00000

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदानको योजनाको लागी साझेदारी रकम | २0000000 | |
| २ | प्रदेश समपुरक अनुदानको योजनाको लागी साझेदारी रकम | १0000000 | |
| ३ | गाउँपालिकाको प्रशासकीय भवनको साझेदारी रकम | १५000000 | |
| ४ | ताँमे पर्यटकिय पुर्वाधार निर्माणको साझेदारी रकम | ७३00000 | |
| ५ | अध्यक्ष विशेष कार्यक्रम | १0000000 | |

**झोलुङ्गे पुल: रु २000000**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकामा निर्माणाधिन र नयाँ निर्माण हुने झोलुङ्गेपुलको साझेदारी रकम | २000000 | |

**सिंचाई: रु ४२00000**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तेछिम सिंचाई मर्मत उमाकुण्ड १ | ६00000 | |
| २ | वडा नं २ को समग्र सिंचाई व्यवस्थापन | ६00000 | |
| ३ | अव्लु कुवु सिंचाई योजना उमाकुण्ड ३ | ३00000 | |
| ४ | बासखोला बसेरी सिंचाई योजना उमाकुण्ड ३ | ३00000 | |
| ५ | सिंचाईको लागी पाईप खरिद उमाकुण्ड ४ | ६00000 | |
| ६ | डाँडाखर्क पोखरी निर्माण उमाकुण्ड ५ | २८0000 | |
| ७ | खोलारु थापा गाउँ सिसाखानी सिंचाई योजना उमाकुण्ड ५ | ३२0000 | |
| ८ | ढुंगे सिंचाई योजना उमाकुण्ड ६ | ३00000 | |
| ९ | तल्लो डाङडुङे सिंचाई कार्यक्रम उमाकुण्ड ६ | ३00000 | |
| १० | भुजी सिंचाई पाईप सिमेन्ट खरिद उमाकुण्ड ७ | ६00000 | |

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

## अनुसूची -६

## वन वातावरण तथा विपदव्यवस्थान क्षेत्र तर्फको थप विनियोजन

**वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु ५000000**

**वन तथा विपदव्यवस्थापन, विपदमा परेकालाई आर्थिक सहायताः रु ५000000**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन तथा आर्थिक सहायता वडा नं १ | ४00000 | |
| २ | वन व्यवस्थापन वडा नं १ | १00000 | |
| ३ | वन व्यवस्थापन वडा नं २ | १00000 | |
| ४ | आर्थिक सहायता तथा विपद सामाग्री खरिद वडा नं २ | ४00000 | |
| ५ | विपद व्यवस्थापन तथा आर्थिक सहायता वडा नं ३ | ३00000 | |
| ६ | साप्सु महादेव स्थान सामुदायिक वन उपभोक्ता समुहलाई बृक्षारोपन कार्यक्रम वडा नं ३ | २00000 | |
| ७ | नर्सरी स्थापना वडा नं ४ | १00000 | |
| ८ | आर्थिक सहायता तथा विपद सामाग्री खरिद वडा नं ४ | ४00000 | |
| ९ | आर्थिक सहायता तथा विपद सामाग्री खरिद वडा नं ५ | ४00000 | |
| १० | वडा कार्यालय आसपासमा चिया खेती तथा बगँचा निर्माण वडा नं ५ | १00000 | |
| ११ | नर्सरी निर्माण कार्यक्रम वडा नं ६ | १00000 | |
| १२ | आर्थिक सहायता तथा विपद सामाग्री खरिद वडा नं ६ | ४00000 | |
| १३ | विरुवा खरिद वडा नं ७ | १00000 | |
| १४ | आर्थिक सहायता तथा विपद सामाग्री खरिद वडा नं ७ | ४00000 | |
| १५ | विपद सामाग्री खरिद तथा आर्थिक सहायता गाउँ कार्यपालिका कार्यालय | १५00000 | |

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

## अनुसूची -७

## सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फको थप विनियोजन

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

**सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ रु ८८०००००**

**न्याय तथा सुशासन: रु २३०००००**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | न्याय तथा सुशासन | २३००००० | न्यायिक समिति, मेलमिलापकर्ता लगाएतको क्षमता विकास लगाएत अन्य कार्यक्रम |

**सूचना प्रविधिको विकास विस्तार तथा व्यवस्थापन: रु ४५०००००**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सर्भर म्यानेजमेन्ट सिस्टम | १०००००० | |
| २ | ERP System Module (व्यवस्थापन सुशासन प्रणाली) | १०००००० | |
| ३ | गाउँपालिकाको वडाहरुमा फाईवर विस्तारको लागी साझेदारी रकम | ११००००० | |
| ४ | सम्पुर्ण सामुदायिक विद्यालयहरुमा इ हाजिरी जडानको लागी सर्वर तथा सफ्टवयर व्यवस्थापन (Device बाहेक) | ७००००० | |
| ५ | वडा कार्यालय, गाउँपालिका स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा इन्टरनेट मर्मत सम्भार तथा अपुग ठाउँमा विस्तारको लागी साझेदारी रकम | ७००००० | |

**मर्मत संभार तथा विविध: रु १०००००००**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | मर्मत सम्भार | १०००००० | सुशासनसँग सम्वन्धित नागरिक वडा पत्र, सिमाना बोर्ड सूचना बोर्ड मर्मत लगाएत अन्य काम |

**कानून निर्माण तथा क्षमता विकास: रु १०००००००**

| क्र.सं. | योजना कार्यक्रमको नाम | विनियोजित बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले निर्माण गर्ने कानून, स्थानीय शासन व्यवस्था, वित्तिय शुसासन लगाएत अन्य विषयमा जनप्रतिनिधि, कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन खर्च | १०००००० | |

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

## अनुसूची -८

## वडागत अनुदान तर्फको थप विनियोजन

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

**वडा गत अनुदान तर्फ रु ४८०००००**

**वडा नं १ बजेट रकम रु ६६०००००**

| ब.सि.नं | शिर्षक | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | गुम्देल तेछिम सेर्दिङ चित्रेपोखरी सडक स्तरोउन्नती | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| २ | कोरेम बच्छि राम्दिङ सडक निर्माण | ५००००० | पुर्वाधार विकास | |
| ३ | मेदाङपुरी बालज्योति आ.वि. सडक निर्माण | ३००००० | पुर्वाधार विकास | |
| ४ | तेछिम आर्यघाट सडक निर्माण | २००००० | पुर्वाधार विकास | |
| ५ | क्यामा चेदिङ सडक स्तरोउन्नती | ३००००० | पुर्वाधार विकास | |
| ६ | कोरेम चरी सडक स्तरोउन्नती | ३००००० | पुर्वाधार विकास | |
| ७ | ज्याम्दे चामारु सडक स्तरोउन्नती | ३००००० | पुर्वाधार विकास | |
| ८ | चामारु सुर्माखोल कङक्रिट पुल | २००००० | पुर्वाधार विकास | |
| ९ | क्यामा पजिनाङखोला कङक्रिट पुल | २००००० | पुर्वाधार विकास | |
| १० | झरिनेखोला कङक्रिट पुल | ३००००० | पुर्वाधार विकास | |
| ११ | घट्टेखोला पत्करी कङक्रिट पुल | २५०००० | पुर्वाधार विकास | |
| १२ | दाप्सदिङ कङक्रिट पुल | २००००० | पुर्वाधार विकास | |
| १३ | सुम्दा कोयमटार लहाछेवार घोरेटो बाटो मर्मत | २००००० | पुर्वाधार विकास | |
| १४ | पत्करी टेकाम गोरेटो बाटो मर्मत | १००००० | पुर्वाधार विकास | |
| १५ | गुम्देल क्यामा गोरेटो बाटो मर्मत | १००००० | पुर्वाधार विकास | |
| १६ | सुर्माखोला स्लेव निर्माण | २००००० | पुर्वाधार विकास | |
| १७ | वडा कार्यालय बैठक हल व्यवस्थापन | २००००० | पुर्वाधार विकास | |
| १८ | च्याउके ल्होप्सु पुजा बौद्ध स्तुपा निर्माण | २५०००० | समाजिक विकास | |
| १९ | दोङाक सम्डुप क्षोलिङ गुम्बा बौद्ध स्तुपा निर्माण | ३००००० | समाजिक विकास | |
| २० | जलमाता देवी मन्दिर निर्माण | १५०००० | समाजिक विकास | |
| २१ | सेर्दिङ गुम्बा मर्मत तथा व्यवस्थापन | २००००० | समाजिक विकास | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २२ | फिर्केम शिव पार्वती मन्दिर निर्माण | २००००० | समाजिक विकास | |
| २३ | कोरेम शिवजि मन्दिर धर्मशाला निर्माण | १५०००० | समाजिक विकास | |
| २४ | गुम्देल स्वास्थ्य चौकी एम्बुलेन्स मर्मत तथा चालक सेवा सुविधा | ३००००० | समाजिक विकास | |
| २५ | थाल्चे सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | २००००० | समाजिक विकास | |
| २६ | बाल्दिङ आ.वि. भल नियन्त्रण | २००००० | वन वातावरण | |
| २७ | बाल्दिङ थापाटोल भल नियन्त्रण तथा नाला निर्माण | २००००० | वन वातावरण | |
| २८ | विपद व्यवस्थापन | १००००० | वन वातावरण | |

**वडा नं २ बजेट रकम रु ७२०००००**

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | अजम बाम्ति सडक सोलिङ | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| २ | बाम्ति समग्र शाखा सडक मर्मत | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| ३ | सिस्नेरी शिवजीथान सडक सोलिङ | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| ४ | शिवजीथान बाम्तिखोला राङदा सडक सोलिङ | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| ५ | पिपल जेरि सडक निर्माण | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ६ | रत्नज्योति जलथले सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ७ | दोखर्पा साङवाडाँडा तार्जे सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ८ | हर्कटे निउरे सडक सोलिङ | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| ९ | देउराली माने आसपास ढलान | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १० | लँवु तिनकुने प्रदिङ माथी उकालो सडक सोलिङ | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ११ | सिद्धेश्वर मा.वि. क्यान्टिन निर्माण | ४००००० | सामाजिक विकास क्षेत्र | |
| १२ | वडा कार्यालय सामाग्री व्यवस्थापन | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| १३ | हुलाक कार्यालय फर्निचर व्यवस्थापन | १००००० | पुर्वाधार विकास क्षेत्र | |
| १४ | निउरे नाकुटी स्लेव निर्माण | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| १५ | थोदुङ गुफा सिडि निर्माण | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| १६ | निगर्मु टष्ट निर्माण | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १७ | सेतीदेवी आ.वि. ग्याविन तथा वाल निर्माण | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १८ | थुम्कि सुर्के सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १९ | बाम्ति स्वास्थ्य चौकी व्यवस्थापन | ३००००० | सामाजिक विकास क्षेत्र | |
| २० | झरिनि सिम ग्यव्रिभित्ता सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| २१ | गर्चा सेर्दुगाउँ सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| २२ | कोइराले पाखाघर मिल सडक | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| २३ | निगुरे नाजिङ ठाडो सारा सुर्के स्वास्थ्य चौकी सडक सोलिङ तथा निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| २४ | छिपछिपे देउराली गाउँ सडक सोलिङ | १००००० | पुर्वाधार विकास क्षेत्र | |
| २५ | लुमु बजार ढल व्यवस्थापन | ३००००० | वन वातावरण क्षेत्र | |

**वडा नं ३ बजेट रकम रु ६६०००००**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | उम्देश्वर महादेव मन्दिर निर्माण | २००००० | आर्थिक विकास | |
| २ | डङ्ग्युर पल्युल छेलाङ छोलिङ गुम्वा सभाहल निर्माण | ३००००० | आर्थिक विकास | |
| ३ | उमाकुण्ड साना किसान कृषि सहकारी कार्यालय व्यवस्थापन | ५०००० | आर्थिक विकास | |
| ४ | स्वास्थ्य विकास क्षेत्र | ३००००० | सामाजिक विकास | |
| ५ | काँस्थेल स्यादर पिदार मन्दिर स्तरोन्नति | ३००००० | सामाजिक विकास | |
| ६ | लामिछाने दिवाली कुलपुजा निर्माण | १५०००० | सामाजिक विकास | |
| ७ | सूचना तथा वडा कार्यालय व्यवस्थापन | ३००००० | सामाजिक विकास | |
| ८ | वडा स्तरिय खेलकुद कार्यक्रम | ५५०००० | सामाजिक विकास | |
| ९ | काँस्थली एकाङ बलगती गैरामाने सडक मर्मत | १५००००० | पुर्वाधार विकास | |
| १० | अजम छिपछिपे एकाङ कुबु सडक मर्मत | ७००००० | पुर्वाधार विकास | |
| ११ | वडा कार्यालय पुवाधार निर्माण | ५००००० | पुर्वाधार विकास | |
| १२ | बाँसखोला वडारे बेटीडाँडा कित्रु सडक निर्माण | ७००००० | पुर्वाधार विकास | |
| १३ | गोरेटो बाटो निर्माण | ३००००० | पुर्वाधार विकास | |
| १४ | समग्र सडक मर्मत उमाकुण्ड ३ | ६००००० | पुर्वाधार विकास | |
| १५ | साप्सु माईक्रोहाइडो सामान खरिद | १००००० | पुर्वाधार विकास | |
| १६ | मेलमिलाप कम्प्युटर खरिद | ५०००० | पुर्वाधार विकास | |

**वडा नं ४ रु ८२००००**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १ | च्यादलु गिलुवा फुर्मादिम सडक सोलिङ | २५०००० | पुर्वाधार विकास क्षेत्र | |
| २ | च्यादलु सुप्ती चण्डिथान सडक सोलिङ ग्याबिन, नाली | ४५०००० | पुर्वाधार विकास क्षेत्र | |
| ३ | वडा कार्यालय अफिसडाँडा झिगामली सडक सोलिङ | ४५०००० | पुर्वाधार विकास क्षेत्र | |
| ४ | गैयाँथान डाडागाउँ चण्डिखोला सडक स्तरोन्नति सोलिङ | ४५०००० | पुर्वाधार विकास क्षेत्र | |
| ५ | च्यादलु बुर्सुवा मगरघाट सडक स्तरोन्नति | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ६ | पाखन्थली बसेरी सुस्ले सडक स्तरोन्नति | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ७ | घुर्मिसे हिले सडक स्तरोन्नति | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ८ | तेर्सोबाटो सल्लेपाला सडक स्तरोन्नति | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ९ | वलखी जिरोकिलो सडक डिपिआर | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १० | सिंगटी सिताचुलो लाप्चाने नया ट्याक ओपन | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| ११ | आलडाँडा डाँडाखर्क सडक निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| १२ | साखिने लेलेदिम सडक सोलिङ | १००००० | पुर्वाधार विकास क्षेत्र | |
| १३ | सारेखोला असिनेटार सिमलडाँडा सल्लेविर्ते सडक स्तारोन्नति | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १४ | ससर्पु केसिडाँडा सडक सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| १५ | भुजीखोला नाकुसे विर्थे शिखर गोरेटो बाटो स्तरोन्नति | १००००० | पुर्वाधार विकास क्षेत्र | |
| १६ | तेन्य छ्योलिङ गुम्वा निर्माण | ३००००० | सामाजिक विकास क्षेत्र | |
| १७ | बुद्ध टसि छ्योलिङ गुम्वा डि.पि.आर. | ३००००० | सामाजिक विकास क्षेत्र | |
| १८ | ढुडुल छ्योलिङ गुम्वा डि.पि.आर. | ३००००० | सामाजिक विकास क्षेत्र | |
| १९ | च्यादलु चण्डिथान पाला कृषि सडक डि.पि.आर | ३००००० | आर्थिक विकास क्षेत्र | |
| २० | सवै कुल मन्दिर निर्माण | ५००००० | सामाजिक विकास क्षेत्र | |
| २१ | वडा नं ४ चर्च भवन निर्माण | १००००० | सामाजिक विकास क्षेत्र | |
| २२ | वडा नं ४ खानेपानी व्यवस्थापन | १०००००० | सामाजिक विकास क्षेत्र | |
| २३ | वडा कार्यालय व्यवस्थापन | ५००००० | सामाजिक विकास क्षेत्र | |
| २४ | खेलकुद कार्यक्रम | ५००००० | सामाजिक विकास क्षेत्र | |
| २५ | सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन | २००००० | सामाजिक विकास क्षेत्र | |

**वडा नं ५ बजेट रु ६७०००००**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | टावरडाँडा फुर्मादिम सडक सोलिङ | २००००० | पुर्वाधार क्षेत्र | |
| २ | सोति कार्की गाउँ साप्सु सडक | ४००००० | पुर्वाधार क्षेत्र | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप, बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३ | राप्चु कार्की गाउँ साप्सु तितिङगा सडक निर्माण | ४००००० | पुर्वाधार क्षेत्र | |
| ४ | चित्रे सुइरे सडक निर्माण | १५०००० | पुर्वाधार क्षेत्र | |
| ५ | मानेडाँडा बञ्चरे सडक निर्माण | ४००००० | पुर्वाधार क्षेत्र | |
| ६ | गैरीगलाम फाती उर्माखु जिदु सेतोपहरा लैरु डाँडाखर्क सडक डिपिआर | ५००००० | पुर्वाधार क्षेत्र | |
| ७ | वडा कार्यालय व्यवस्थापन | ५००००० | पुर्वाधार क्षेत्र | |
| ८ | आमा समुह हल निर्माण | ३००००० | पुर्वाधार क्षेत्र | |
| ९ | सवै शाखा सडकहरु मर्मत संभार तथा सरसफाई | १२००००० | पुर्वाधार क्षेत्र | |
| १० | पुराना गाउँ फस्केरी सडक | ४००००० | पुर्वाधार क्षेत्र | |
| ११ | सडक मर्मत संभार तथा सरसफाईको लागी डिजेल खरिद | ३००००० | पुर्वाधार क्षेत्र | |
| १२ | खोप क्लिनिक निर्माण | २५०००० | सामाजिक विकास क्षेत्र | |
| १३ | कर्मा लोक्साङ गुम्वा निर्माण | ५००००० | सामाजिक विकास क्षेत्र | |
| १४ | सेप्सेन्दि सिरानटोल खा.पा. | ५००००० | सामाजिक विकास क्षेत्र | |
| १५ | स्वास्थ्य चौकी व्यवस्थापन | २००००० | सामाजिक विकास क्षेत्र | |
| १६ | खेलकुद व्यवस्थापन मैदान स्तरोन्नति | ५००००० | सामाजिक विकास क्षेत्र | |

**वडा नं ६ बजेट रकम रु ५७०००००**

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | कालोचौतारा भगरे सुर्के वडा कार्यालय सडक नालि सोलिङ ग्याविन | ८००००० | पुर्वाधार विकास क्षेत्र | |
| २ | कालोचौतारा सतार डाडडुङे खुर्दे खोला सडक नाली सोलिङ | ६००००० | पुर्वाधार विकास क्षेत्र | |
| ३ | सतार महभिर भगरे सडक निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ४ | लापसिंगे डाँडा खर्क मैदाने सडक निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ५ | कालोचौतारा भगरे लापसिंगे महभिर बलखी सडक डि.पि.आर. | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| ६ | सवै शाखा सडकहरु मर्मत संभार | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| ७ | हलिसे सडक नाली सोलिङ | २००००० | पुर्वाधार विकास क्षेत्र | |
| ८ | कालीमाटी फिस्टे भस्मे भित्तावारी हुँदै मुलावारी एफ.एम. सडक नाली सोलिङ | ३००००० | पुर्वाधार विकास क्षेत्र | |
| ९ | भगरे खोपकेन्द्र पहिलो तल्ला निर्माण | ४००००० | सामाजिक विकास क्षेत्र | |
| १० | शेर्पा जातिको संस्कृति भल्काउने तालिम | १००००० | सामाजिक विकास क्षेत्र | |
| ११ | वडा कार्यालय व्यवस्थापन | २००००० | सामाजिक विकास क्षेत्र | |
| १२ | चुलेपु ढुंगे खानेपानी योजना | ८००००० | सामाजिक विकास क्षेत्र | |



उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप, नेपाल बागमती प्रदेश,

| | | | | |
|---|---|---|---|---|
| १३ | सिन्दुरे खोला खानेपानी योजना | ३००००० | सामाजिक विकास क्षेत्र | |
| १४ | भगरे खानेपानी डि.पि.आर. | २००००० | सामाजिक विकास क्षेत्र | |
| १५ | अल्लो प्रशोधनबाट धागो उत्पादन तथा बुनाई कार्यक्रम | २००००० | आर्थिक विकास क्षेत्र | |

**वडा नं ७ बजेट रकम रु ७००००००**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु | विषयगत क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | खोप केन्द्र शौचालय तथा धारा निर्माण साविक वडा नं १ | ४००००० | सामाजिक विकास क्षेत्र | |
| २ | स्वास्थ्य चौकी सुत्केरी खर्च | १००००० | सामाजिक विकास क्षेत्र | |
| ३ | सवै विद्यालयहरुलाई शैक्षिक सामाग्री खरदि | १५०००० | सामाजिक विकास क्षेत्र | |
| ४ | गैयाँश्वरी सिंचाई स्तरोन्नति | ३५०००० | सामाजिक विकास क्षेत्र | |
| ५ | सामुदायिक भवन मर्मत साविक वडा नं ४ | १५०००० | सामाजिक विकास क्षेत्र | |
| ६ | बाँसबोट बोजिमा सडक सोलिङ | २५०००० | पुर्वाधार विकास क्षेत्र | |
| ७ | साविक ५ गोरेटो बाटो निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ८ | देवीथान काव्रे सडक सोलिङ | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ९ | सामुदायिक भवन निर्माण साविक वडा नं ७ | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| १० | चण्डिथान शौचालय तथा धारा निर्माण | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| ११ | बुल्फेपु डिलखर्क सडक सोलिङ | ४००००० | पुर्वाधार विकास क्षेत्र | |
| १२ | वडा कार्यालय भवन निर्माण | २४००००० | पुर्वाधार विकास क्षेत्र | |
| १३ | सवै सडक मर्मत सम्भार | ६००००० | पुर्वाधार विकास क्षेत्र | |
| १४ | विमिरे बुन्देल पोल्दिम पर्यटकिय पैदल मार्ग | ५००००० | पुर्वाधार विकास क्षेत्र | |
| १५ | सडक हेरालु सेवा सुविधा | १००००० | पुर्वाधार विकास क्षेत्र | |

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल